भागः ९ वर्षः९ खण्डः    मितिः २०८२ आषाढ १० गते

# आर्थिक ऐन, २०८२

**१७ औं नगर सभाबाट स्वीकृत मिति २०८२ असार १० गते०३ रोज**

**प्रस्तावनाः**
तिलागुफा नगरपालिकाको आर्थिक वर्ष २०८२/२०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयनको निमित्त स्थानीय कर तथा शुल्क, दस्तुर संकलन गर्न, छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(घ)बमोजिम तिलागुफा नगरपालिका १७औं नगरसभामा पेश भई स्वीकृत गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम तिलागुफा नगरपालिका आर्थिक ऐन, २०८२ रहनेछ ।

(२) यो ऐन २०८२ साल श्रावण १ गते देखि तिलागुफा नगरपालिका क्षेत्रभित्र लागु हुनेछ ।

**२. सम्पत्ति करः** तिलागुफा नगरपालिका क्षेत्रभित्र रहेका घर, टहरा तथा भवनहरु र सो ले चर्चेको जग्गामा अनुसूची (१)बमोजिम सम्पत्ति कर लगाई असुल  गरिनेछ ।

**३. भूमि कर (मालपोत):** तिलागुफा नगरपालिका क्षेत्रभित्र सम्पत्ति कर लाग्ने भूमि बाहेकमा अनुसूची (२) बमोजिम भूमिकर (मालपोत) लगाई असुल गरिनेछ ।

**४.घर बहाल करः** तिलागुफा नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थााले भवन, घर, पसल, ग्यारेज, वर्कसप, गोदाम, टहरा, छप्पर, सेड, जग्गा वा पोखरी पुरै वा आशिंक तवरले बहालमा दिएकोमा अनुसूची (३) बमोजिम बहाल कर लगाई मासिक, त्रैमासिक, अर्धवार्षिक वा वार्षिक रुपमा असुल गरिनेछ ।

**५. व्यवसाय करः** तिलागुफा नगरपालिका क्षेत्र भित्र उद्योग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति, संघसंस्था वा निकायलाई व्यवसायको प्रकृति, आर्थिक कारोवार, स्थान बिशेष र लगानीलाई आधार लिई गरिएको वर्गीकरण अनुसार अनुसूची (४) बमोजिम व्यवसाय कर लगाई असुल  गरिनेछ ।

**६. जडीबुटी, कवाडी र जीवजन्तु करः** तिलागुफा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, बनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ्ग, प्वाखँ, छाला जस्ता वस्तुको व्यावसायिक कारोवार गरेबापत अनुसूची (५) बमोजिमको कर लगाई असुल  गरिनेछ ।

**७.सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा जस्ता सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर र बाटो इजाजत दस्तुर लगाइने र असुल गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**८.प्राकृतिक स्रोत साधन विक्रीः** तिलागुफा नगपालिकाले आफ्नो क्षेत्रभित्र उपलब्ध हुने प्राकृतिक स्रोतहरु ढुङ्गा, गिटी, बालुवा, चुनढुगां, दहत्तर, बहत्तर आदिमा अनुसूची (७)बमोजिम न्यूनतम दर कायम गरी असुल गरिनेछ।

**९.विज्ञापन करः** तिलागुफा नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (८) बमोजिम विज्ञापन कर लगाई असुल उपर गरिनेछ। संकलित विज्ञापन कर रकम अन्तर सरकारी वित्त व्यवस्थापन ऐनको व्यवस्था बमोजिम बाँडफाँड हुनेछ ।

**१०.मनोरञ्जन कर**: तिलागुफा नगरपालिका क्षेत्रभित्र हुने र शुल्क लिई सञ्चालन गरिने जुनसुकै प्रकारको मनोरञ्जन व्यवसायमा कर्णाली प्रदेश सरकारले तोकेको दरमा मनोरञ्जन कर लगाई असुल गरिनेछ। संकलित मनोरञ्जन कर अन्तर सरकारी वित्त व्यवस्थापन ऐनको व्यवस्था बमोजिम बाँडफाँड हुनेछ।

**११.बहाल बिटौरी शुल्कः** तिलागुफा नगरपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख, वा सञ्चालन गरेका वा सार्वजनिक ऐलानी पर्ती जग्गा वा भवनमा हाटबजार वा पसल वा सडक वा बाटो किनार वा विशेष मेला पर्वमा अनुसूची (९) अनुसार बहाल विटौरी शुल्क लगाई असुल गरिनेछ।

**१२.पार्किङ शुल्कः** तिलागुफा नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएवापत अनुसूची (१०) बमोजिम सवारी साधन पार्किङ्ग शुल्क लगाइ असुल गरिनेछ।

**१३. ट्रेकिं•, कायोकिङ, क्यानोइ•, बन्जी जम्पि•, जिपफ्लायर, प्याराग्लाइडिङ र ऱ्याफ्टि• शुल्कः** तिलागुफा नगरपालिका क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर, प्याराग्लाइडिङ र ऱ्याफ्टिङ्ग सेवा वा व्यवसाय सञ्चालन गरेवापत अनुसूची (११) बमोजिम शुल्क लगाइ असुल गरिनेछ।

**१४. सेवा शुल्क दस्तुरः** तिलागुफा नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए बमोजिम शुल्क तथा दस्तुर लगाई असुल गरिनेछ।

**१५.पर्यटन शुल्कः** तिलागुफा नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१६.नक्सापास दस्तुरः** तिलागुफा नगरपालिका क्षेत्रभित्र निर्माण हुन लागेका तथा निर्माण भएका भवनहरुमा अनुसुचि (१४) बमोजिम नक्सा पास दस्तुर शुल्क लगाइने र असुल गरिने छ।

**१७.स्थानीय स्तरका सडक दस्तुर** तिलागुफा नगरपालिकाले निर्माण गरेका भित्री, ग्रामीण, कृषि र पर्यटकीय सडकमा प्रवेश गर्दा अनूसूची १५ बमोजिम शुल्क लगाइने र असूल गरिनेछ ।

**१८. दण्ड जरिवाना धरौटी फिर्ता र जइतः (१)**. तोकिएको समय भित्र कर तथा शुल्क नबुझाउने तथा तिलागुफा नगरपालिका क्षेत्रभित्र निषेध गरिएका सार्वजनिक सडक तथा फुटपाथमा सवारी साधन पार्किङ्ग वा व्यापार व्यवसाय गर्ने वा फोहरमैला तथा निर्माण सामाग्रीबाट उत्सर्जित फोहोर एवं प्रचलित कानुन विपरीतका कार्य गरेमा त्यस्तो सामान जफत गर्ने वा लिलामी गर्ने वा अनुसूची (१६) बमोजिम जरिवाना गरिनेछ। दण्ड जरिवाना सम्बन्धी व्यवस्थामा तिलागुफा नगरपालिका, नगर कार्यपालिकाले आवश्यकता अनुसार थपघट तथा पुनरावलोकन गर्न सक्नेछ।

(२) नगरपालिकाले ठेकेको वा लगाएको कर, दस्तुर, शुल्क महशुल तथा असुल गर्न बाँकी अन्य कुनै रकम व्यक्तिले नबुझाएमा नगरपालिकाले देहाय बमोजिम कारबाही गर्न सक्नेछ ।

**क**) यस ऐन बमोजिम उठाउन पाउने कर, दस्तु र, शुल्क तथा असुल गर्न बाँकी अन्य रकम कुनै व्यक्तिले नबुझाएमा त्यस्तो व्यक्तिको चल अचल सम्पत्तीको स्वामित्व हस्तान्तरण रोक्का गर्न सम्बन्धित निकायलाइ लेखी व्यापार व्यवसायमा सिलबन्दी तथा तालाबन्दी गर्न र निकासी पैठारी लगायतका कारोबार रोक्का गर्न र कालो सूचीमा राख्न सक्नेछ ।

**ख**) नगरपालिकाले यस ऐन बमोजिम उठाउन पाउने रकम खण्ड (क) बमोजिम सम्बन्धित व्यक्तिको घर, जग्गा, कारोबार वा जायजेथा रोक्का गर्दापनि उठ्न नसकेमा नगरपालिकाले निजको घर, जग्गा, कारोबार वा अन्य कुनै जेथा भए सो लिलाम बिक्री गरि असुल गर्न सक्नेछ ।

**ग**) यस ऐन अन्तरगतको काम कारोबारको सिलसिलामा कुनै ठेकेदारले राखेको धरौटी वा जमानत सो कार्य गर्न नसकेको अवस्थामा नगरपालिकाले त्यस्तो धरौटी जफत गरि वा जमानत लिलाम विक्रि गरि असुल उपर गर्ने । तर जफत वा लिलाम विक्रि गरि प्राप्त हुन अएको रकम त्यस्तो व्यक्तिले नगरपालिकालाई बुझाउनुपर्ने रकम भन्दा बढी हुन आएमा बढि भएको रकम सम्बन्धित व्यक्तिलाइ फिर्ता दिनु पर्नेछ ।

(२) उपदफा १ को खण्ड (ख) वा (ग) बमोजिम नगरपालिकाले लिलाम विक्रि गर्दा प्रचलित कानुन बमोजिम गर्नुपर्नेछ ।

(३) यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम पालना गर्नुपर्ने कर्तव्य भएको व्यक्ति वा संघसंस्थाले कर्तव्य पालना नगरेमा वा नगरपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महशुल तोकिएको समयमा भुक्तानी नगरेमा अनुसूची (१६) मा उल्लिखित दरमा दण्ड जरिवाना लगाई असूल उपर गर्नेछ ।

(४) यस ऐन बमोजिम तिर्नु बुझाउनुपर्ने कर दस्तुर शुल्क महशुल तथा असुल गर्न बाँकी अन्य कुनै रकम नबुझाएमा नगरपालिकाले उपलब्ध गराएको सेवा त्यस्तो व्यक्तिको हकमा बन्द गर्न सक्नेछ ।

**१९.कर तथा शुल्कमा छुटः** १ तिलागुफा नगरपालिकाले अनुसूची (१२) मा व्यवस्था भए बमोजिम कर तथा शुल्कमा सहुलियत वा छुट दिन सक्नेछ । (२) कर तथा शुल्कमा छुट तथा सहुलियत सम्बन्धी व्यवस्थामा तिलागुफा नगरपालिका, नगरकार्यपालिकाले आवश्यकता अनुसार थपघट तथा पुनरावलोकन गर्न सक्नेछ ।

**२०.कर तथा शुल्क संकलन सम्वन्धी थप व्यवस्थाः** यस ऐनमा भएको व्यवस्था यसै बमोजिम र अन्यको हकमा यस ऐनसँग नबाझिने गरी कर तथा शुल्क संकलन सम्बन्धमा तिलागुफा नगरपालिका, नगर कार्यपालिकाले आवश्यक निर्णय गरी लागु गर्न सक्नेछ ।

**२१.पुनरावलोकन सम्बन्धी व्यवस्थाः** तिलागुफा नगरपालिकाले गरेको कर शूल्क महशुल दण्ड जरिवाना सम्बन्धी विषयमा चित्त नबुझेका करदाताले नगरपालिकामा पुनरावलोकनका लागि निवेदन गर्न सक्नेछन । यसरी पुनरावलोकनका लागि कार्यपालिकाले प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी पुनरावलोकन समिति गठन गर्नेछ । पुनरावलोकनका लागि प्राप्त भएका निवेदन उपर ३५ दिनभित्र पुनरावलोकन समितिले छानविन तथा निर्णय गरी सम्बन्धित व्यक्तिलाई निर्णयको जानकारी दिनुपर्नेछ ।

**२२.कर फिर्ता सम्बन्धी व्यवस्थाः** १ करदाताले यस ऐन बमोजिम कर बुझाउदा तिनुपर्ने भन्दा बढी कर दाखिला गरेमा बढी दाखिला भएको रकम फिर्ता माग गर्न सक्ने छ ।यसरी बढी दाखिला भएको रकम फिर्ता माग गर्दा दाखिला गरेको ३५ दिनभित्र निवेदन दिनुपर्ने छ । सो व्यहोरा साचो देखिएमा

प्रमुख प्रशासकीय अधिकृतले निवेदन परेको एक महिना भित्र रकम फिर्ता दिने निर्णय गर्नु पर्नेछ । तर एक आर्थिक वर्षमा बढी दाखिला भएको रकम अर्को आर्थिक वर्षमा फिर्ता माग गर्न पाइने छैन।

**२३. अन्य व्यवस्थाः** (१) तिलागुफा नगरपालिकाका शाखा, वडा तथा अन्य कार्यालयहरु बाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनुपर्ने कर, शुल्क, दस्तुर तथा जरिवानालाई सेवासँग आबद्ध गरी अनिवार्य असुल उपर गरी सेवा प्रवाह गर्नु पर्नेछ । तर, नागरिकता प्रमाणपत्रको सिफारिश तथा व्यक्तिगत घटना दर्ता सेवा प्रवाह गर्न भने यस व्यवस्थाले बाधा पुगेको मानिने छैन ।

(२) वडा कार्यालयहरुबाट कर असूली कार्य वडाध्यक्ष वा निजले तोकेको वडा सदस्यको समन्वयमा यस ऐन बमोजिम संकलन गरिनेछ ।

(३) अन्य स्थानीय तहमा कानुन बमोजिम दर्ता/नविकरण भएका कम्पनी, फर्म, संघसंस्थाहरुले सहभागी हुन नगरपालिकामा पुनः व्यवसाय दर्ता गर्नुपर्ने छैन ।

(४) नगरपालिकाले कर तथा शुल्कहरु संकलनकोलागि अग्रिम सूचना दिन, करको अभिलेख राख्न तथा कर संकलनको लागि विद्युतीय माध्यमलाई प्रयोगमा ल्याउन सकिनेछ ।

**२४. नियमावली तथा कार्यविधि बनाउन सक्ने**ः तिलागुफा नगरपालिका नगर कार्यपालिकाले यस ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी नियमावली तथा कार्यविधिहरु वनाई लागु गर्न सक्नेछ ।

**२५.यस ऐन बमोजिम भएको मानिनेः** यो ऐन जारी हुनु अघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

**२६. साबिक बमोजिम हुनेः** यस ऐनमा उल्लिखित व्यवस्था यसै बमोजिम र उल्लिखित नभएको हकमा साविक बमोजिम नै हुनेछ ।

**२७. बाधा अड्काउ फुकाउः** यस ऐनको कार्यान्वयनको क्रममा कुनै बाधा आईपरेमा तिलागुफा नगरपालिका नगर कार्यपालिकालाई बाधा अड्काउ फुकाउने अधिकार रहनेछ ।

**२८. खारेजीः** साविकमा तिलागुफा नगरपालिकाले लागू गर्दै आएका व्यवस्थाहरु यस ऐनसँग प्रतिकूल देखिएमा प्रतिकूल भएको हदसम्म खारेज हुनेछन् ।

**अनुसुची १**

**सम्पति कर**

**(दफा २ सँग सम्बन्धित)**

**संकेत नं.११३१३**

तिलागुफा नगरपालिकाका क्षेत्र भित्र देहाय बमोजिम सम्पती कर लगाइने र असुल उपर गरिनेछ ।

| संकेत | करयोग्य एकिकृत सम्पतिको मूल्य | वर्षिक दर | |
|---|---|---|---|
| ११३१३ | पाँच लाख रुपैया सम्मको मूल्याँकनमा | एक मुष्ठ रु १००। | घर,टहरा तथा भवनहरु र सो ले चर्चेको जग्गा |
| | पाँच लाख देखी बिस लाख सम्म | प्रति लाख १२। | |
| | बिस लाख देखी पचास लाख सम्म | प्रति लाख १५ । | |
| | पचास लाख देखी माथि | प्रति लाख २० । | |

## घर कर

| | | | |
|---|---|---|---|
| १ | पक्की आर.सि.सि. फ्रेम ढलान स्टक्चर (प्रति तला ) | प्रति तला रु १५० | |
| २ | सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो - र टिन ढुङ्गाको छाना | रु १५० | |
| ३ | माटोको जोडाईमाइट्टावा ढुङ्गाको गारो - जस्ता/ढुङ्गाको छाना | रु १०० | |
| ४ | माटोको जोडाईमाइट्टावा ढुङ्गाको गारो - र खर छाना कच्ची घर, गोठ छाप्रोसमेत | रु ५० । | |

## अनुसुची २
## भुमिकर/मालपोत
**(दफा ३ सँग सम्बन्धित)**
**संकेत नं.११३१४**

तिलागुफा नगरपालिकाको क्षेत्रभित्र भुमिको स्वाममित्व बाफत देहाय बमोजिम भुमिकर/मालपोत कर लगाइने र असुल उपर गरिनेछ ।

| **करयोग्य जग्गाको किसिम** | **जग्गाको कर** | |
|---|---|---|
| | खेत | पाखो |
| अब्बल | प्रति वर्ग मिटर ३५ पैसा | प्रति वर्ग मिटर ३० पैसा |
| दोयम | प्रति वर्ग मिटर २५ पैसा | प्रति वर्ग मिटर २० पैसा |
| सिम | प्रति वर्ग मिटर २० पैसा | प्रति वर्ग मिटर १० पैसा |
| चाहार | प्रति वर्ग मिटर १० पैसा | प्रति वर्ग मिटर ८ पैसा |

## अनुसुची ३
## वहाल कर
**(दफा ४ सँग सम्बन्धित)**
**संकेत नं.११३१७**

नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा वहाल रकमको १० प्रतिशतका दरले घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

## अनुसुची ४
## व्यवसाय कर
**(दफा ५ सँग सम्बन्धित)**
**संकेत नं.१४६११**

**होटल रेष्टुरेन्ट,लज**

| **संकेत** | **व्यवसायको विवरण** | **दर्ता रु** | **नविकरण रु** | **कैफियत** |
|---|---|---|---|---|
| १. | **होटल रेष्टुरेन्ट,लज** | **५०००** | **२०००** | |
| २. | चिया नास्ता पसल | **२५००** | **१५००** | |
| | **तरकारी तथा फलफुल** | | | |
| ३ | तरकारी तथा फलफुल पसल | **२५००** | **१५००** | |

| | व्यवसायको विवरण | दर्ता रु | नविकरण रु | कैफियत |
|---|---|---|---|---|
| | **माछा मासु पसल** | | | |
| ४ | फ्रेस हाउस | २५०० | १५०० | |
| ५ | खसि मासु पसल | ३००० | २००० | |
| ६ | माछा पसल | २००० | १००० | |
| | **औषधी तथा एग्रोभेट पसल** | | | |
| ७ | औषधी पसल | ५००० | ३००० | |
| ८ | एग्रोभेट पसल | ३००० | १५०० | |
| ९ | जडिबुटी चिया पसल तथा बिक्रेता | १००० | ५०० | |
| | **इलोक्टोनिक तथा इलेक्टिक पसल** | | | |
| १० | इलोक्टोनिक बिक्री तथा मर्मत | ३००० | २००० | |
| | | | | |
| | **ज्वेलर्स सुन चांदी पसल** | | | |
| ११ | **ज्वेलर्स सुन चांदी पसल** | ५००० | ३००० | |
| | **टेलर्यस,सैलुन तथा ब्युटी पार्लर तथा कस्मेटीक पसल** | | | |
| १२ | सैलुन पसल | २००० | १००० | |
| १३ | ब्युटी पार्लर तथा कस्मेटीक पसल | २००० | १००० | |
| १४ | टेलर्यस | २०००। | १०००। | |
| | **निर्माण व्यवासायीक** | | | |
| १५ | वर्ग घ को इजाजत पत्र | १५०००। | ५०००। | |
| १६ | वर्ग घ को इजाजत पत्र प्रतिलिपी | प्रतिलिपि रु २०००। | | |
| १७ | वर्ग घ को इजाजत पत्र नामसारी | रु ५०००। | | |
| | **कानुन व्यवसायी** | | | |
| १८ | अभिकर्ता | १००० | १००० | |
| १९ | अभिवक्ता | १००० | १००० | |
| २० | अधिवक्ता | २००० | १५०० | |
| २१ | वरिष्ठ अधिबक्ता | २५०० | २००० | |
| २२ | लेखनदास | ५०० | ५०० | |
| | **स्वास्थ्य तथा चिकित्सक सेवा तर्फ** | | | |
| २३ | एम वि वि एस | १००० | १००० | |
| २४ | पशुचिकित्सक | १००० | ५०० | |
| २५ | विशेषज्ञ | १००० | १००० | |
| २६ | सुपर स्पेषलिष्ट | १००० | ५०० | |
| २७ | नगर अस्पतालमा नाम दर्ता | नगर अस्पतालको कार्यविधि अनुसार | | |
| २८ | ईम्जेन्सी भर्ना दस्तुर | | | |
| २९ | वाड प्रति दिन वेड | | | |
| ३० | १५ बेड सम्मका अस्पताल | ५००० | ५००० | |
| ३१ | १० बेड सम्मका अस्पताल | ३००० | ३००० | |
| ३२ | ५ बेड सम्मका अस्पताल | २००० | २००० | |

| | | | | |
|---|---|---|---|---|
| **वित्तिय सेवा** | | | | |
| ३३ | आर्थिक कारोबार गर्ने बैंक कार्य क्षेत्र अनुमति | १०००० | ० | |
| ३४ | वित्तिय कम्पनी शाखा कार्यालय कार्य क्षेत्र अनुमति | १०००० | ० | |
| ३५ | बिमा कम्पनि कार्य क्षेत्र अनुमति | १०००० | ० | |
| ३६ | विदेशी मुद्रा सटही काउण्टर कार्य क्षेत्र अनुमति | १०००० | ० | |
| | | | | |
| | **व्यवसायको विवरण** | **दर्ता रु** | **नविकरण रु** | **कैफियत** |
| ३७ | लघुवित्त तथा सहकारी संघ संस्था कार्य क्षेत्र अनुमति | ५००० | ० | |
| ३८ | कृषी,बचत तथा ऋण सहकारी | ५००० | ३००० | |
| ३९ | बहुउध्येशिय सहकारी | ८००० | ४००० | |
| ४० | बहुउध्येशिय ,बचत तथा ऋण सहकारी प्रमाण पत्र प्रतिलिपि | प्रतिलिपि रु २०००। | | |
| ४१ | कृषी समुह,क्लव,संजाल संस्था | १००० | ५०० | |
| ४२ | उपभोक्ता समिति | २००० | २००० | |
| ४३ | टोल विकास समिति | २५०० | १५०० | |
| ४४ | कृषि, फर्म | ३००० | १५०० | |
| ४५ | पशुपालन फर्म | ४००० | २००० | |
| ४६ | आई. एमइ | १०००० | ५००० | |
| ४७ | अटो पार्टस मर्मत, | ३००० | २००० | |
| ४८ | बोलपत्र फाराम बिक्री | रु ३००० | | |
| **हेभी गाडी तथा लाईट गाडीको पार्टस विक्रि तथा मर्मत पसल** | | | | |
| ४९ | बस ट्रक,टेक्टर जीप कारे पार्टस विक्रि तथा मर्मत पसल | ५००० | ३००० | |
| ५० | मोटर साइकल, साइकल,अटो तथा टेम्पो वा पम्पिङ सेट जेनेरेटर विक्रि तथा मर्मत पसल | ३००० | २००० | |
| ५१ | लेथ वेल्डीङ्ग पसल | ५००० | ३००० | |
| **एजेन्सी तथा थोक विक्रेता पसल** | | | | |
| | | **दर्ता** | **नविकरण** | |
| ५२ | चुरोट डिलर | १०००० | ५००० | |
| ५३ | पेट्रोल पम्प | १०००० | ५००० | |
| ५४ | भाडा तथा ग्याँस पसल | ३००० | १५०० | |
| ५५ | मादक तथा पेय पदार्थ थोक डिलर | १०००० | ५००० | |
| ५६ | मादक तथा पेय पदार्थ थोक खुद्रा बिक्रि पसल | ५००० | ३००० | |
| ५७ | किराना तथा खाद्य पसल ठुला | ३००० | २००० | |
| ५८ | किराना तथा खाद्य पसल साना | १००० | १००० | |
| ५९ | घुम्ती पसल | ५०० | ५०० | |
| | **हार्डवयर,रंगरोगन,शिशा पलायरवोड** | | | |
| ६० | हार्डवयर,रंगरोगन,शिशा पलायरवड ठुलो | **दर्ता** ५००० | २५०० | |

| | | | | |
|---|---|---|---|---|
| ६१ | फोटो स्टुडियो | दर्ता २००० | १००० | |
| | **व्यवसायको विवरण** | **दर्ता रु** | **नविकरण रु** | **कैफियत** |
| ६२ | ईन्जिनियरिङ वर्कसप | दर्ता २००० | १००० | |
| ६३ | डेरी पसल | दर्ता २००० | १००० | |
| ६४ | माछा संकलन तथा व्यवसायिक | दर्ता ३००० | २००० | |
| **कपडा तथा फेन्सी पसल** | | | | |
| ६५ | कपडातथा फेन्सी पसल | दर्ता ५००० | ३००० | |
| ६६ | स्टेसनरी तथा पुस्तक पसल | दर्ता ३००० | २००० | |
| **कन्सलटेन्सी सेवा** | | | | |
| ६७ | ईन्जिनिर प्राबिधिक सेवा | ५००० | २५०० | |
| | **उद्योग तथा कारखाना** | | | |
| ६८ | काठ चिरानि मिल | दर्ता ३००० | २००० | |
| ६९ | फर्निचर | दर्ता ५००० | ३००० | |
| ७० | क्रसर उद्योग | दर्ता ७००० | ३५००० | |
| ७१ | पुरानो कपडा पेलेर कपास बनाउने उद्योग | दर्ता २००० | १००० | |
| ७२ | कुटानि तथा पिसानि मिल | दर्ता ३००० | २००० | |
| **शिक्षा सेवा तर्फ** | | | | |
| ७३ | निजि स्तरबाट संचालित आधारभुत तह | अनुमति १०००० | | |
| ७४ | निजि स्तरबाट संचालित मा वी तह | अनुमति २०००० | | |
| ७५ | कम्प्युटर तथा प्रशिक्षण केन्द्र | दर्ता ५००० | ३००० | |
| **जलस्रतो तथा सौय उर्जा तथा वन** | | | | |
| ७६ | लघु जलविघुत | दर्ता ५००० | २५०० | |
| ७७ | खानेपानि तथा सिचाई मुहान दर्ता | दर्ता २००० | १००० | |
| ७८ | सौय उर्जा | दर्ता ३००० | २००० | |
| ७९ | सामुदायीक वन | दर्ता ५००० | ३००० | |
| ८० | कवुलियत वन | दर्ता ३००० | २००० | |
| ८१ | व्यवसायिक दर्ता प्रमाण पत्र प्रतिलिपि | प्रतिलिपि रु १००० | | |
| **व्यवसायिक सुचिकृत** | | | | |
| ८२ | पान नं. व्यावसायिक सुचिकृत | रु १००० । | | |
| | भ्याट नं. व्यावसायिक सुचिकृत | रु २००० । | | |
| **व्यापार,व्यवसाय वार्षिक राजश्व दर** | | | | |
| | पुजीको सिमा | वार्षिक कर | | |
| ८३ | ३ लाख सम्मको | ५०० | | |
| ८४ | ३ लाख देखी ५ लाख सम्मको | ८०० | | |
| ८५ | ५ लाख देखी १० लाख सम्मको | १००० | | |
| ८६ | १० लाख देखी २५ लाख सम्मको | २५०० | | |
| ८७ | २५लाख देखी ५० लाख सम्मको | ५००० | | |
| ८८ | ५० लाख देखी १करोड सम्मको | १०००० | | |
| ८९ | १करोड देखी ५करोड सम्मको | १५००० | | |

| | | | |
|---|---|---|---|
| १०० | ५ करोड देखी १० करोड सम्मको | २०००० | |
| १०२ | १० करोड भन्दा माथि जतिसुकै सम्मको | २५००० | |

**अनुसुची ५**

**फलफुल,जडीबुटी,कवाडी,काष्ठ पैदावर र जिवजन्तु निकासी पैठारी कर**

**(दफा ६ सँग सम्बन्धित)**

| | | | |
|---|---|---|---|
| | **जडीबुटी** | | |
| १ | कुल स्थानिय बजारको खरिद मुल्यको | ४ प्रतिशत | |
| | **काठ** | | |
| २ | देवदार प्रति क्यु फिट | ५ प्रतिशत | |
| ३ | लेकालि सल्लो प्रति क्यु फिट | ५ प्रतिशत | |
| ४ | लौठो प्रति क्यु फिट | ५ प्रतिशत | |
| ५ | औलि सल्लो प्रति क्यु फिट | ५ प्रतिशत | |
| ६ | बभ्क,रयाज प्रति क्यु फिट | ५ प्रतिशत | |
| ७ | ठिगो | ५ प्रतिशत | |
| | **पशु चौपाया निकासी** | | |
| ८ | भैसी प्रति वटा | रु १०० | |
| ९ | भेडा बाखा प्रति वटा | रु ५० | |
| १० | गाई,गोरु प्रति वटा | रु ५० | |
| ११ | खच्चर प्रति वटा | रु १०० | |
| १२ | घोडा घोडी प्रति वटा | रु १०० | |
| | **कवाड** | | |
| १३ | कवाड प्रति के जि | रु १ । | |
| १४ | फलाम,तामा कवाड | रु २ | |
| १५ | खोटो प्रति के जि | १। रुपैया | |

**अनुसुची ६**

**सवारी साधन कर**

**(दफा ७ सँग सम्बन्धित)**

| | | | | |
|---|---|---|---|---|
| | **सवारी साधन कर** | | | |
| १ | टेम्पो,अटो रिक्सा,पावर टेलर (पेट्रोलियम) | सवारी दर्ता कर रु ३०००<br>बाटो ईजाजत प्रति महिना १०० | नविकरण रु १५००। | |
| | सवारी साधन नामसारी | रु १००० | | |
| | सवारी साधन ठाउसारी | रु २००० | | |

**अनुसुची ७**

**प्राकृतिक स्रोत साधन बिक्रि**

**(दफा ८ सँग सम्बन्धित)**

**ढुङ्गा,गिट्टी,बालुवा एवम् माटोजन्य बस्तुको विक्रि शुल्कको दर देहाय बमोजमि अशुल उपर गरिने छ।**

| | | | | |
|---|---|---|---|---|
| | **ढुङ्गा,गिट्टी,बालुवा,ग्राभेल रोडा नगरपालिकाको क्षेत्र भित्र ब्याक्तिगत प्रयोजन** | | | |
| | **सवारी साधन** | **ढुङ्गा** | **गिट्टी,बालुवा,ग्राभेल रोडा** | |

| | | | | |
|---|---|---|---|---|
| १ | प्रति ट्याक्टर | ५०० | १००० | |
| २ | मिनि ट्क | १५०० | २५०० | |
| ३ | टिपर ६ चक्के | ४००० | ६००० | |
| ४ | टिप्पर १० चक्के | ६००० | ८००० | |
| | **ढुङ्गा,गिट्टी,बालुवा,ग्राभेल रोडा नगरपालिकाको क्षेत्र बाहीर** | | | |
| **५** | **सवारी साधन** | **ढुङ्गा** | **गिट्टी,बालुवा,ग्राभेल रोडा** | |
| ६ | प्रति ट्याक्टर | १००० | १५०० | |
| ७ | मिनि ट्क | २००० | ३००० | |
| ८ | टिप्पर ६ चक्के | ६००० | ८००० | |
| ९ | टिप्पर १० चक्के | ८००० | १०००० | |

अनुसुची ७ मा जे व्यवस्था भएता पनि बालुवाको हकमा सार्वजनिक ठेक्कापठ्टा मार्फत बढीबढाऊमा प्राविधिक मुल्यांकनको आधारमा ठेक्कामा दिने तर नगरका ११ वटै वडा भित्र बन्ने घरहरुको हकमा माथि उल्लेखित दरभाऊ नै कायम हुनेछ ।

| | | | | |
|---|---|---|---|---|
| १० | **ढुङ्गा,गिट्टी,बालुवा,ग्राभेल रोडा नगरपालिकाको क्षेत्र भित्र योजना तथा कार्यक्रमको प्रयोजन** | | | |
| | **काठ प्रति घनफीट** | **ढुङ्गा प्रति घनमिटर** | **गिट्टी,बालुवा,ग्राभेल रोडा प्रति घनमिटर** | |
| | २ | १०० | २५० | |

**अनुसुची ८**

**विज्ञापन कर**

**(दफा ९ सँग सम्बन्धित**

| | | | | |
|---|---|---|---|---|
| १ | विज्ञापन सामग्री १० व.फि. सम्म प्रति व.फि | ५० | | |
| २ | विज्ञापन सामग्री १० व.फि. भन्दा माथी प्रति व.फि. | ६० | | |
| ३ | साना किसिमका प्रचारका बोर्ड ८ व.फि. सम्म | २०० | | |
| ४ | ब्यानर सार्वजनिक स्थानमा प्रतिमिटर ७ दिन सम्मको लागि | ५ | | |
| ५ | ब्यानर सार्वजनिक स्थानमा प्रतिमिटर ७ दिन भन्दा बढी | ५ | | |
| ६ | १ मिटर र १ व.फि सम्मको विज्ञापनक | २ | | |
| ७ | स्टल राखि विज्ञापन प्रतिदिन | ५०० | | |
| ८ | सार्वजनिक स्थलमा पम्प्लेट २ वर्गफिट सम्म प्रति एकाइ | १० पैसा | | |
| ९ | सार्वजनिक स्थलमा पम्प्लेट २ वर्गफिट माथी प्रति एकाई | २० पैसा | | |
| १० | व्यवसायीक माइकिगं प्रतिदिन | ३०० | | |
| ११ | एकमुष्ठ बर्ष भरी नै माइकिगं | ३००० | | |

| | | | | |
|---|---|---|---|---|
| | गर्ने भएमा रु | | | |

१) सार्वजनिक महत्वका सरकारी सूचना विज्ञापनमा नगरपालिकाले निःशुल्क सहुलियत दिन सक्नेछ ।

२) सार्वजनिक महत्वका २×२" का व्यावसायिक तथा कार्यलयको पहिचान खुल्ने एकवटा साईवोर्डको हकमा कर लाग्ने छैन ।

**अनुसुची ९**

**बहाल बिटौरी शुल्क**

**(दफा ११सँग सम्बन्धित)**

तिलागुफा नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार वा पसलमा दैनिक रु ५०। बहाल बिटौरी शुल्क र सार्वजनिक शौचालय प्रयोग दिशा गरेवापत रु १० र पिसाब गरे वापत रु ५लगाइअसूल उपर गरिनेछ । साथै नगरपालिकावाट बाहिर नियात हुने फलफूल प्रति ट्रक रु १०००। ट्याक्टर रु ५०० रअन्नवाली तरकारी प्रति क्यूनटल रु १० कायम गरी असुल उपर गरिनेछ ।

**अनुसुची १०**

**पार्किङ शुल्क**

**(दफा १२ सँग सम्बन्धित)**

| | | | |
|---|---|---|---|
| १ | बस | दैनिक रु ५० | |
| २ | जिप | दैनिक रु २० | |
| ३ | मोटरसाइकल | दैनिक रु १० | |
| ४ | ट्रक | दैनिक रु ५० | |
| ५ | अटो रिक्सा | दैनिक रु २० | |
| ६ | साइकल | दैनिक रु ५ | |

**अनुसुची ११**

**ट्रेकिङ, कायोकिङ, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर, प्याराग्लाइडिङ र र्‍याफ्टिङ शुल्कः**

**(दफा १३ सँग सम्बन्धित)**

| | | | |
|---|---|---|---|
| १ | स्वदेशी नागरिक | दैनिक रु १०० | |
| २ | बिदेशी नागरिक | दैनिक रु ५० | |

**अनुसुची १२**

**दस्तुर तथा सेवा शुल्क**

**(दफा १४ सँग सम्बन्धित)**

**सेवा शुल्क दस्तुर**

| | | | |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस | रु २००। | |
| २ | नागरिकता प्रतिलिपि सिफारिस | रु ५०० | |
| ३ | अंगिकृत नागरिकता सिफारिस | रु ५०० | |
| ४ | दुर्गम तथा पिक्षे सिफारिस | रु १०० | |
| ५ | अन्य सिफारिस | रु १०० | |
| ६ | नाम,थर जन्ममिति संशोधन सिफारिस | रु ५०० | |

| | | | |
|---|---|---|---|
| ७ | चार किल्ला प्रमाणित सिफारिस | ३०० | भुमि तथा मालपोत कर तिरेको प्रमाण पेश गर्नु पर्नेछ |
| ८ | बाटो प्रमाणित सिफारिस | ३०० | भुमि तथा मालपोत कर तिरेको प्रमाण पेश गर्नु पर्नेछ |
| ९ | अंग्रेजि सिफारिस | ५०० | |
| १० | पेन्सनपट्टा स्वदेशी सिफारिस | ५०० | |
| ११ | पेन्सनपट्टा बिदेशी सिफारिस | १००० | |
| १२ | नाता प्रमाणित सिफारिस सबै | ३०० | |
| १३ | नाता प्रमाणित अग्रेजीमा सिफारिस | ५०० | |
| १४ | वडाबाट जारी हुने सर्जमिन मुचुल्का दस्तुर | ५०० | |
| १५ | व्यवसायिक प्रयोजनको लागी घरेलु कार्यालयलाई सिफारिस | ३०० | भुमि तथा मालपोत कर तिरेको प्रमाण पेश गर्नु पर्नेछ |
| १६ | अस्थाई ठेगाना प्रमाणित सिफारिस | ३०० | |
| १७ | जन्ममिति प्रमाणित | २०० | |
| १८ | विवाह प्रमाणित तथा अविवाहित प्रमाणित | २०० | |
| १९ | व्याक्तिगत विवरण प्रमाणित | | |
| २० | नाम थर जन्ममिति तथा वतन फरक फरक भएको भए सो व्याक्ति एकै हो भन्ने सिफारिस | ५०० | |
| २१ | जग्गा धनि दर्ता तथा हराएको प्रमाण पुर्जा सिफारिस | ३०० | भुमि तथा मालपोत कर तिरेको प्रमाण पेश गर्नु पर्नेछ |
| २२ | छुट जग्गा धनि दर्ता प्रमाण पुर्जा सिफारिस | ५०० | भुमि तथा मालपोत कर तिरेको प्रमाण पेश गर्नु पर्नेछ |
| २३ | जग्गा कित्ताकाट सिफारिस | ३०० | भुमि तथा मालपोत कर तिरेको प्रमाण पेश गर्नु पर्नेछ |
| २४ | जग्गा नामसारी गर्ने सिफारिस | २०० | भुमि तथा मालपोत कर तिरेको प्रमाण पेश गर्नु पर्नेछ |
| २५ | अंशवण्डा भई दा खा सिफारिस | ३०० | भुमि तथा मालपोत कर तिरेको प्रमाण पेश गर्नु पर्नेछ |
| २६ | हकवाला वा हकदार प्रमाणित कायम सिफारिस | २०० | भुमि तथा मालपोत कर तिरेको प्रमाण पेश गर्नु पर्नेछ |
| २७ | घर जग्गा तथा सम्पति मुल्याकन सिफारिस | ०.००६ प्रतिशत | भुमि तथा मालपोत कर तिरेको प्रमाण पेश गर्नु पर्नेछ |
| २८ | योजना तथा कार्यक्रमहरुको सिफारिस | प्रति लाख २०० | |
| २९ | जग्गा /जग्गाको सिमा विवादितमा अमिन खटाई सिमांकन गर्नु पर्दा निबेदनको शुल्क | प्रति कित्ता १०००। | |
| ३० | कृषिजन्य वस्तुको व्यावसायीक कारोवारको लागि निकासी सिफारिस | प्रति केजी रु १ रुपैया | |
| ३१ | नया दर्ता सिफारिस | ५०० | |
| ३२ | नविकरण सिफारिस | ३०० | |
| ३३ | ब्याक्तिगत घटना दर्ता निःशुल्क ३५ दिन पछि दर्ता शुल्क रु २०० | बिभागको नियम अनुसार | |
| ३४ | ब्याक्तिगत घटना दर्ता प्रतिलिपि रु ५०० | | |
| ३५ | उद्योग दर्ता सिफारिस | ५०० | भुमि तथा मालपोत कर तिरेको प्रमाण पेश गर्नु पर्नेछ |
| ३६ | उद्योग नामसारी सफारिस | ५०० | भुमि तथा मालपोत कर तिरेको प्रमाण पेश |

| | | | |
|---|---|---|---|
| | | | गर्नु पर्नेछ |
| ३७ | उद्योग ठाउसारी सिफारिस | २५०० | |
| ३८ | उद्योग खारेजि सिफारिस | १००० | भुमि तथा मालपोत कर तिरेको प्रमाण पेश गर्नु पर्नेछ |
| ३९ | घर लगत कायम | २०० | भुमि तथा मालपोत कर तिरेको प्रमाण पेश गर्नु पर्नेछ। |
| ४० | बालविकास केन्द्र स्वीकृत दिए वाफत | १००० | |
| ४१ | आधारभुत विद्यालय स्वीकृत दिए वाफत | ५००० | |
| ४२ | मा वि विद्यालय स्वीकृत दिए वाफत | १०००० | |
| ४३ | क्याम्पस स्वीकृत दिए वाफत | २०००० | |
| ४४ | विघलय कक्षा थप अनुमति दस्तुर | २००० | |
| ४५ | विधुत जडान सिफारिस | ५०० | भुमि तथा मालपोत कर तिरेको प्रमाण पेश गर्नु पर्नेछ |
| ४६ | प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार परिचय पत्र शुल्क | १०० | |
| | **उपचार शुल्क** | | |
| ४७ | गाई, गोरु र बंगुर | २० | |
| ४८ | बाखा र भेडा ३० वटा सम्म | १० | |
| ४९ | बाखा र भेडा ३० वटा बढी | २० | |
| ५० | कुकुर र बिरालो | ५० | |
| ५१ | जंगलि जनावर | १०० | |
| ५२ | पंछि (हाँस कुखुरा परेवा) | २० | |
| ५३ | घोडा र खच्चर | ५० | |
| ५४ | बन्ध्याकरण प्रति | १०० | |
| ५५ | गोभर तथा दुध परीक्षण प्रति | १० | |
| ५६ | पोष्टमार्टन ठुलो जनावर प्रति | १०० | |
| ५७ | पोष्टमार्टन सानो जनावर प्रति | ५० | |
| ५८ | पोष्टमार्टन पंछि प्रति | १० | |
| | नगर अस्पतालको सेवा शुल्क | | |
| ५९ | Hb [haemoglobin] | ४० | |
| ६० | TC | २५ | |
| ६१ | DC | २५ | |
| ६२ | ESR | २५ | |
| ६३ | PlatelatesP | ७५ | |
| ६४ | Blood Grouping | ७५ | |
| ६५ | Blood Sugar | १२५ | |
| ६६ | Urea | १२५ | |

| | | | |
|---|---|---|---|
| ६७ | Cretinin | १२५ | |
| ६८ | Uric Acid | १२५ | |
| ६९ | CRP | २५० | |
| ७० | RA Factor | १९० | |
| ७१ | AsO | २६० | |
| ७२ | Widal | १२५ | |
| ७३ | MP [RDT] | ० | |
| ७४ | MP [Microscope] | ० | |
| ७५ | Billirubin T/d | १९० | |
| ७६ | LFT | ६६५ | |
| ७७ | Lipid Profile | ७५० | |
| ७८ | PBs | ४० | |
| ७९ | HbsAG | १९० | |
| ८० | BT/CT | १०० | |
| ८१ | Mountox | ० | |
| ८२ | Urine RE/ME | ६५ | |
| ८३ | Stool Occult Blood | ६५ | |
| ८४ | HCG [UPT] | १०० | |
| ८५ | VLDL | १२५ | |
| ८६ | Sputum For AFB | ० | |
| ८७ | Steech Remove | ५० | |
| ८८ | HIV | ० | |
| ८९ | Hcv | १९० | |
| ९० | Pop | २५० | |
| ९१ | RK-39 | ० | |
| ९२ | USG | ५०० | |
| ९३ | X-Ray | ४०० | |
| ९४ | ECG | ३०० | |
| ९५ | Dressing | ५०-१००० | |
| ९६ | Suturing | ५०-३०० | |

| | | | |
|---|---|---|---|
| ९७ | OPD Service | २० | |
| ९८ | Emergency | ५० | |
| | ७० बर्ष माथिका जेष्ठ नागरिकहरुलाई नि शुल्क सेवा | | |
| परिक्षा दस्तुर | | | |
| ९९ | अधिकृत वा सो सर | १५०० | |
| १०० | नासु वा सो सर | ८०० | |
| १०१ | खरिदार वा सो सर | ६०० | |
| १०२ | श्रेणी विहिन | ३०० | |
| १०३ | कक्षा ८को प्रमाण पत्र र प्रतिलिपि शुल्क | ५०० | |
| १०४ | कर्मचारी तथा शिक्षक सरुवा र नियुक्ति | १००० | |
| १०५ | धितो रोक्का वाफत | ३०० | |
| १०६ | अतिरिक्त सेवा शुल्क | ५०० | |
| कर तथा शुल्क छुट | | | |
| १०७ | विपन्न तथा आर्थिक साहायता सिफारिस | ० | |
| १०८ | अशक्त असाहाय तथा अनाथ पालन पोषण लागी सिफारिस | ० | |
| न्यायिक दस्तुर | | | |
| १०९ | मुद्म दर्ता दस्तुर | ५०० | |
| ११० | मेलमिलाप दस्तुर | ३०० | |
| | एम्बुलेन्स सेवा | | |
| १११ | गाल्जे देखी भैसिगौडा सम्म | रु ५०० । | |
| ११२ | गाल्जे देखी वालि सम्म | रु ५०० । | |
| ११३ | गाल्जे देखी टाकुल्ला पाखेढुगा सम्म | रु ६०० । | |
| ११४ | गाल्जे देखी चौखोला सम्म | रु ८०० । | |
| ११४ | गाल्जे देखी खल्ला सम्म | रु ५०० । | |
| ११५ | गाल्जे देखी घनडा सम्म | रु ८०० । | |
| ११६ | गाल्जे देखी नगर अस्पताल सम्म | रु १००० । | |
| ११७ | गाल्जे देखी फोईमहादेव सम्म | रु १८०० । | |
| ११८ | गाल्जे देखी भिग्म सम्म | रु १८०० । | |
| ११९ | गाल्जे देखी नाग्म सम्म | रु २००० । | |
| १२० | गाल्जे देखी जुम्ला सम्म | रु ६००० । | |
| १२१ | गाल्जे देखी मान्म सम्म | रु ६००० । | |
| १२२ | गाल्जे देखी सुर्खेत | रु १५००० । | |
| १२३ | गाल्जे देखी नेपालगंज सम्म | रु २०००० । | |
| १२४ | गाल्जे देखी काठमाडौ सम्म | रु ३०००० । | |

## अनुसुची १३
## पर्यटन शुल्क
## (दफा १५ सँग सम्बन्धित)

तिलागुफा नगरपालिको आफ्नो पर्यटकीय स्थल ( तिलागुफा, रुरु वन्चु क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकहरुवाट तिलागुफा नगरपालिका बाहेक कालीकोट बासीलाइ रु १०, अन्य जिल्लाका पर्यटकको लागि रु २०, विदेशी प्रयटकलाइ प्रति व्यक्ति रु ५०।दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।

## अनुसुची१४
## नक्सापास दस्तुर
## (दफा १६ सँग सम्बन्धित)

तिलागुफा नगरपालिका भित्र निर्माण भएका तथा निर्माण हुने भवनहरुमा तपशिलमा उल्लेखित नक्सापास दूस्तूर लगाईने र असूलउपर गरिनेछ।

| क.स | घरकाकिसिम | ईकाई | कर्णाली राजमार्गसँग जोडिएका घरहरु | ग्रामीण सडकसँग जोडिएका घरहरु | ग्रामीण बस्तीहरुका घरहरु |
|---|---|---|---|---|---|
| १ | कच्ची,काठ र खरको छाना भएको घर | प्रतिवर्गफिट | रु २ | रु १.५ | रु १ |
| २ | ढुंगा माटोको जोडाईमा टिनको छाना भएको घर | प्रतिवर्गफिट | रु २.५ | रु २ | रु १.५ |
| ३ | ढुंगा माटो र पिलर विम र सिमेन्टको जोडाईमा टिनको छाना भएको घर | प्रतिवर्गफिट | रु ३ | रु २.५ | रु २ |
| ४ | पिलर ढुंगा र सिमेन्टको जोडाईमा टिनको छाना भएको घर | प्रतिवर्गफिट | रु ४ | रु ३ | रु २.५ |
| ५ | पक्की घर पिलर विमसिमेन्टको जोडाई | प्रतिवर्गफिट | रु ५ | रु ४ | रु ३.५ |

## घर लगत कायम

| | **बार्षिक** |
|---|---|
| **पक्की घर प्रति तला** | **रु ३००** |
| **सिमेन्टको चिनाइ र टिनको छाना** | **रु ३००** |
| **गाराको चिनाई टिनको छाना** | **रु २००** |
| **गारोको चिनाइ काठ र खरको छाना** | **रु १००** |

## अनुसुचि १५

## स्थानीय स्तरका सडक दस्तुर

(दफा १७ सँग सम्बन्धित)

| | | | |
|---|---|---|---|
| १ | जिप | २५ | |
| २ | ट्याक्टर | ५० | |
| ३ | बस ट्क | १०० | |
| ४ | डोजर र स्काभेटर | १५० | |
| ५ | जेसिभी | १०० | |

## अनुसुचि १६

## दस्तुर, दण्ड, जरिवाना,धरौटी फिर्ता र जइत

(दफा १८ सँग सम्बन्धित)

# दस्तुर दण्ड जरिवाना धरौटी फिर्ता र जईत

**क**) नक्कल र निवेदन दस्तुर नियमानुसार

ख) अन्य फारम दस्तूर नियमानुसार

ग) एकीकृत सम्पत्ति करको बक्यौता रकममा २०प्रतिशत%

घ) व्यवसाय करको हकमा चालु वर्षको कर आएको मसान्त भित्र नविकरण गर्नुपने र बक्यौता रहेमा २०प्रतिशतले दरले जरिवाना लगाउने

ङ) वहाल विटौरी हकमा गत वर्ष सम्म बक्यौता रहेमा २०प्रतिशत दरले जरिवाना लगाउने ।

च) नियमानुसार दस्तुर नतिरी अवैध रुपमा काठ चोरी निकासि गरेमा

१. देवदार प्रति क्यु फिट रु १०

२. अन्य काठ प्रति क्यु फिट रु ५

छ) नियमानुसार दस्तुर नतिरी अबैध रुपमा रुख काटेमा

१.देवदार रु २००००

२ अन्य रुख रु १००००

ज) नियमानुसार दस्तुर नतिरी अवैध रुपमा गिट्टि बालुवा चोरी निकासि गरेमा

१. प्रति ट्याक्टर रु १५०००

२. प्रति टिपर र ट्रक रु ४५०००

झ) नियमानुसार दस्तुर नतिरी अवैध रुपमा ढुङ्गा चोरी निकासि गरेमा

१. प्रति ट्याक्टर रु १००००

२. प्रति टिपर र ट्रक रु ३००००

ञ) नियमानुसार दस्तुर नतिरी अवैध रुपमा जडिवुटी चोरी निकासी गरेमा

प्रति केजी रु ५०००

ट) .चालु आ.व. भित्र भुमिकर मालपोत,व्यवसाय कर, सवारी कर, विज्ञापन कर अन्य कर नतिरेमा करको २० प्रतिशत जरिवना लगाईने छ ।

ठ) व्यवसाय नविकरण कर नतिरेमा तपशिल बमोजिमको जरिवना लगाईने छ ।

१). ३ महिना देखी ६ महिना सम्मको कर १० प्रतिशत

२) ६ महिना देखी १२ महिना सम्मको कर १५ प्रतिशत

३) १ बर्ष देखी ५बर्ष सम्मको कर २५ प्रतिशत

४)   ५ बर्ष भन्दा माथिको  कर ३५  प्रतिशत

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ बमोजिम तिलागुफा नगरपालिका नगरसभाको १५ औं अधिवेशनबाट स्वीकृत तिलागुफा नगरपालिका आर्थिक विधेयक, २०८१ प्रमाणिकरण गरिएको छ ।

| | | |
|---|---|---|
| **लक्ष्मण प्रसाद चौलागाई** | **महेन्द्र बहादुर शाही** | **शंकर प्रसाद उपाध्याय** |
| **प्रमुख प्रशासकिय अधिकृत** | **नगर उपप्रमुख** | **नगर प्रमुख** |
| | **राजश्व समिति संयोजक** | |